# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड २, संख्या ६, बैशाख २४ गते, २०७७ साल**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको नीति जारी गरेको छ ।

# भाग १

## बेसीशहर नगरपालिकाको पूर्वाधार विकासलाई ब्यवस्थापन गर्न बनेको ऐन – २०७६

**प्रस्तावनाः** बेसीशहर नगर क्षेत्रभित्र सन्तुलित, बातावरण मैत्री, गुणस्तरीय तथा दिगोरुपमा पूर्वाधार संरचनाको बिकास गर्न; बिकासका पूर्वाधारको निर्माण, सञ्चालन तथा व्यवस्थापनको प्रकृयामा सार्वजनिक निजी साझेदारी र स्थानीय जनसहभागिता अभिबृद्दी गर्दै संघ, प्रदेश र बिकास साझेदार संघसंस्था तथा निकाय समेतको सहकार्य र साझेदारिमा भौतिक पूर्वाधारको बिकास र बिस्तार मार्फत आर्थिक बिकास र सम्बृद्धी सुनिश्चित गर्न; नागरिकले तिरेको करको समुचित उपयोग गर्दै समग्र बिकास ब्यबस्थापनको कार्यलाई प्रभावकारी तुल्याइ गुणस्तरीय र दिगो पूर्वाधार सेवा मार्फत नागरिकलाई स्थानिय सरकारको अनुभूती दिलाउदै लोकतन्त्रका लाभहरुको बितरण गर्नकोलागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम बेसीशहर नगरपालिकाको छैठौ नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस को नाम " बेसीशहर नगरपालिकाको पूर्वाधार ब्यवस्थापन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुखलाइ सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको बेसीशहर नगरपालिकालाई सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "सभा" भन्नाले बेसीशहर नगरको नगरसभालाई सम्झनु पर्छ।

(च) "पूर्वाधार" भन्नाले यस ऐनमा अनुसूची मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ।

(छ) "जलश्रोत" भन्नाले नगरपालिका क्षेत्र भित्रको भू–सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैंले सिधै सम्पन्न गर्ने विकास निर्माण कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ।

(ट) "स्थानीय पूर्वाधार " भन्नाले स्थानीय स्तरमा संचालन गरिने पूर्वाधार विकास निर्माण एवं संचालन र मार्मत सम्बन्धी योजना , आयोजना , परियोजना तथा कार्यक्रमलाई जनाउछ |

(ठ) "स्थानीय यातायात" भन्नाले स्थानीय स्तरका शहरी सडक, ग्रामिण सडक, हेलिप्याड, झोलुंगे पुल,मोटेरेबल पुल, आकाशे पुल, पैदल पुल, कल्बर्ट , केवलकार, आदि पर्दछन्|

(ड) "सिचाई तथा नदि नियन्त्रण " भन्नाले तोकिएको (हेक्टर) क्षेत्रमा सिचाई सुविधा पुर्याउने सिंचाई आयोजना , भूमिगत जल आयोजना र नगर क्षेत्र भित्रका नदि , खोला, खोल्साहरु , ताल तलैया आदिको नियन्त्रण सम्बन्धी कार्यक्रमहरु पर्दछन्|

(ढ) "जलविद्युत तथा वैकल्पिक उर्जा" भन्नाले तोकिएको क्षमता सम्मका जलविद्युतको उत्पादन तथा वितरण र वैकल्पिक उर्जा सम्बन्धी आयोजनाहरु पर्दछन्|

(ण) "खानेपानी , ढल निकास तथा सरसफाई "भन्नाले नगर स्तरमा संचालन गरिने खानेपानी आयोजनाहरु , ढल निकास र व्यक्तिगत , घरायसी तथा सामुदायिक सरसफाई, फोहोरमैला व्यवस्थापन एवं वातावरणको सुधार सम्बन्धी कार्यक्रमहरु पर्छन|

(त) "आवास , भवन तथा शहरी विकास" भन्नाले नगरभित्र गरिने वस्ती विकास, व्यक्तिगत, सामुदायिक तथा संस्थागत भवन निर्माण र शहरी विकास सम्बन्धी कार्यक्रम पर्छन|

(थ) "सामाजिक पूर्वाधार" भन्नाले नगर स्तरका सामुदायिक र सार्वजनिक भवन ( सरकारी कार्यालय, स्वास्थ्य, शिक्षा, सामुदायिक, मनोरंजन , पुरातात्वकिक , सांस्कृतिक , धार्मिक, आदि ) निर्माण, संचालन एवं मर्मत तथा सम्भार सम्बन्धी कार्यक्रम पर्दछन्|

## परिच्छेद २

## स्थानीय यातायात

**३. नगर स्तरीय यातायात गुरुयोजना**: (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र यातायात व्यवस्थापनको लागि नगर स्तरीय यातायात गुरुयोजना वा एकिकृत विकास योजना तयार गर्नेछ।

**४. स्थानीय सडकहरुको बर्गीकरण** : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सडक बिस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार मापदण्ड बनाई सडकहरुको बर्गिकरण र बृहत्तर सडक सञ्जाल गर्न नगर स्तरीय यातायात

गुरुयोजना वा एकिकृत विकास योजना तयार गर्नेछ । नगरपालिकाले सडकको वर्गीकरण तोकिए बमोजिमको हुनेछ |

**५. मापदण्ड निर्धारण गर्ने :**(१)नगरपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्ने छ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

**६ . सडकको आवागमनमा बाधा पुर्याउने नहुनेः** (१) कसैले सार्वजनिक सडक, पैदल मार्ग वा सडकको क्षेत्राधिकार भित्र कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्याउन पाइनेछैन |

**७ . झोलुंगे पुल , सडक पुल , केवल कार, साइकल लेन, पद मार्ग जस्ता** पूर्वाधार निर्माण गरि स्थानीय यातायातलाई सहज र सर्वसुलभ बनाईनेछ|

**८. शहरी यातायात लाई स्मार्ट सिटीको अवधारणा अनुरुप विकास गर्नको लागि वृहत शहरी यातायात व्यवस्थापन प्रणाली (Mass Transportation)को विकास गरिनेछ |**

**८. सडकहरुको लगतकट्टा :** (१) नगरपालिका क्षेत्रभित्र रहेका सबै सडकहरुको लगतकट्टा गरि नगरको स्वामित्वमा ल्याइनेछ |

**१०.** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय स्तर तथा प्रादेशिक स्तरका सडकहरु तत् तत् निकायले मापदण्ड तोके अनुसार हुनेछन्।

## परिच्छेद ३

## सिचाई तथा नदि नियन्त्रण

(११) यस अन्तर्गत तोकिएको हेक्टर क्षेत्रमा सिचाई सुविधा पुर्याउने सिंचाई आयोजना , भूमिगत जल आयोजना र नगर क्षेत्र भित्रका नदि , खोला, खोल्साहरु ,आदिको नियन्त्रण सम्बन्धी कार्यक्रमहरु पर्दछन् | नगरपालिकाले सिंचाई तथा नदि नियन्त्रण को हकमा तोकिए बमोजिमको हुनेछ |

## परिच्छेद ४

## जलविद्युत तथा वैकल्पिक उर्जा

(१२) यस अन्तर्गत तोकिएका क्षमाता सम्मका जलविद्युतको उत्पादन तथा वितरण र वैकल्पिक उर्जा सम्बन्धी आयोजनाहरु पर्दछन् | नगरपालिकाले जलविद्युत तथा वैकल्पिक उर्जाको हकमा तोकिए बमोजिमको हुनेछ |

## परिच्छेद ५

## खानेपानी , ढल निकास तथा सरसफाई

(१३) यस अन्तरगत नगर स्तरमा संचालन गरिने खानेपानी आयोजनाहरु , ढल निकास र व्यक्तिगत , घरायसी तथा सामुदायिक सरसफाई, फोहोरमैला व्यवस्थापन एवं वातावरणको सुधार सम्बन्धी कार्यक्रमहरु पर्छन | नगरपालिकाले खानेपानी , ढल निकास तथा सरसफाईको हकमा तोकिए बमोजिमको हुनेछ |

## परिच्छेद ६

## सामाजिक पूर्वाधार

(१४)यस अन्तर्गत नगर स्तरका सामुदायिक र सार्वजनिक भवन ( सरकारी कार्यालय, स्वास्थ्य, शिक्षा, सामुदायिक, मनोरंजन , पुरातात्वकिक , सांस्कृतिक , धार्मिक, आदि ) निर्माण, संचालन एवं मर्मत तथा सम्भार सम्बन्धी कार्यक्रम पर्दछन् | नगरपालिकाले सामाजिक पूर्वाधारको हकमा तोकिए बमोजिमको हुनेछ |

## परिच्छेद ७

## आवास , भवन तथा शहरी विकास

(१५) यस अन्तरगत नगरभित्र गरिने वस्ती विकास, व्यक्तिगत, सामुदायिक तथा संस्थागत भवन निर्माण र शहरी विकास सम्बन्धी कार्यक्रम पर्छन | नगरपालिकाले आवास , भवन तथा शहरी विकासको हकमा तोकिए बमोजिमको हुनेछ |

## परिच्छेद ८

## पूर्वाधार आयोजना तर्जुमा

१६. स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरी नगर सभाबाट पारित गर्नु पर्नेछ।

१७. पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिमका कुराहरू उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ :

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत

(घ) आयोजनाको कार्यन्वयन विधि

(ङ) स्थानीय स्तरबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान, उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) सञ्चालन तथा व्यवस्थापनका स्वरुप

**१८. लागत अनुमान तयार गर्नुपर्ने** : नगरपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

## परिच्छेद ९

## पूर्वाधार आयोजना कार्यान्वयन

**१९. पूर्वाधार आयोजनाको कार्यान्वयन**: (१) उपभोक्ता समिति, निर्माण व्यवसायी वा संघ संस्था मार्फत हुनेछ | उपभोक्ता समितिको मार्फत गरिने कार्यहरुको हकमा नगरपालिकाको उपभोक्ता समिती गठन, संचालन तथा व्यवस्थापन समबन्धी कार्यविधिमा तोकिए बमोजिम हुनेछ |

(२) सम्पन्न योजनाहरुको हस्तान्तरण: आयोजनाहरु संचालन, व्यवस्थापन, संरक्षण, मर्मत संभारका लागि आवश्यकता अनुसार स्थानीय लाभग्राही समुदायलाई हस्तान्तरण गर्न सकिनेछ|

(३) आयोजना निर्माणमा गुणस्तर सुनिशिचत गर्नको लागि निर्माण सामग्री परिक्षण प्रयोगशाला स्थापना गरि प्रयोगमा ल्याईनेछ|

## परिच्छेद १०

## अनुगमन तथा मुल्याकन

**२०. पूर्वाधार अनुगमन समितिको गठन :** नगरपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा नगरपालिकाको आफ्नै बजेटबाट निर्माण हुने पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरु को गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नका लागि अनुगमन तथा मुल्याकन समिति तोकिए बमोजिम गठन हुनेछ |

**२१. अनुगमन पश्चात निर्देशन दिन सक्ने :** (१) पूर्वाधार अनुगमन तथा मुल्यांकन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो वमोजिम अनुगमन गरेर निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिश गर्ने दायित्व समितिको हुनेछ ।

२२. आयोजनाको कार्यन्वयनमा समय, गुणस्तर, लागत र परिमाण सुनिशिचताको लागि आवश्यकता अनुसार तेश्रो पक्ष अनुगमन तथा मुल्यांकन (Third Party Monitoring and Evaluation) र प्राविधिक परिक्षण (Technical Audit)

२३. अनुगमन समिति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ |

## परिच्छेद ११

## मर्मत सम्भार कोष

**२४. पूर्वाधार मर्मत संभार कोषः** (१) नगरपालिका भित्र रहेका नगर स्तरीय वा केन्द्र /प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गर्नको लागि पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी इत्यादिबाट प्राप्त रोयल्टि रकम तोकिए बमोजिमको दाखिला गरीनेछ ।

(३) कोष संचालन र संचालन समिति : पूर्वाधार संरचनाहरुको मर्मत तथा पुनस्थापनाको लागि नगर स्तरमा मर्मत संभार कोष स्थापना गरिनेछ र सो कोष को संचालन तोकिए बमोजिम हुनेछ |

## परिच्छेद १२

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

**२५. सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** : यस ऐन बमोजिम कुनै व्यक्ति, निर्माण व्यवसायी, संस्था वा कम्पनी संग नगरपालिकाले पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा साझेदारी गर्न सक्नेछ । नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको कार्य गर्दा तोकिए बमोजिमको प्रकृया अनुसार हुनेछ|

## परिच्छेद १२

## विविध

**२६. दातृ निकाय संगको समन्वयमा पूर्वाधार विकास :** प्रचलित कानुन बमोजिम हुनेगरि नगरपालिकाले पूर्वाधार विकासका लागि दातृ निकाय संगको समन्वयमा कार्यक्रम संचालन गर्न सक्नेछ|

**२७.** संघ र प्रदेश सरकार संगको सहकार्य र साझेदारीमा पूर्वाधार विकासका विभिन्न आयोजनाहरु संचालन गरिनेछ|

**२८. अन्तर स्थानीय तह समन्वयः** एक भन्दा बढी नगरपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि नगर कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ।

**२९. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**३०. नियम वनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

**३१. बचाऊ :** यस ऐन अन्तर्गत पर्ने प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ।

**आज्ञाले,**
**मोहनप्रसाद मरासिनी**
**प्रमुख प्रशासकिय अधिकृत**